नेपाली राजदूतावास
बर्लिन

नेपाली राजदूतावास
Embassy of Nepal
Guerickestrasse 27
10587 Berlin-Charlottenburg
Federal Republic of Germany
Tel.: (030) 34 35 99 -20, -21, -22
Fax: (030) 34 35 99 - 06
Email: berlin@nepalembassy.de
www.nepalembassy-germany.com

# प्रेस वक्तव्य

जर्मनीको राजधानी बर्लिनमा मार्च ७ देखि ११, २०१८ सम्म आयोजना गरिएको विश्वको प्रमुख पर्यटन मेला ITB Berlin मा यस वर्ष नेपालका करीब ५० टुर तथा ट्राभल एजेन्सीहरु सहभागी भएका छन् ।

मार्च ७, २०१८ का दिन महामहीम राजदूत श्री रमेशप्रसाद खनाल र नेपाल पर्यटन बोर्डका कार्यकारी अधिकृत श्री दीपकराज जोशीले एक समारोहकाबीच नेपाली मण्डपमा राखिएको बुद्धको प्रतिमामा खादा चढाई औपचारिक रुपमा यस मेलामा नेपालको सहभागिताको शुभारम्भ गर्नु भएको थियो ।

पर्यटन मन्त्रालय, नेपाली राजदूतावास बर्लिन तथा नेपाल पर्यटन बोर्ड लगायतका निकायहरुको प्रत्यक्ष सहभागिता एवं समन्वय रहेको यस मेलाका अवसरमा जर्मनीका सरकारी निकाय लगायत विभिन्न मुलुकहरुका पर्यटन व्यवसायीहरुसंग प्रत्यक्ष सम्पर्क हुने तथा जर्मन नागरिकहरुको समेत ठूलो संख्यामा उपस्थिति हुने हुदा यसबाट जर्मनी लगायत विश्वमा नै नेपालको पर्यटन प्रवर्द्धनको क्षेत्रमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

जर्मनीको चान्सलर महामहीम डा. एन्जेला मर्केलद्वारा वर्लिनमा मार्च ६, २०१८ को साँझ एक भव्य समारोहकाबीच उद्घाटन गरिएको ITB Berlin मा नेपाल लगायत १८७ राष्ट्रहरुका दश हजार भन्दा बढी प्रदर्शकहरु, १,०९,००० आगन्तुक व्यापारीहरु तथा २८,००० अन्य सहभागीहरुले भाग लिने अपेक्षा गरिएको छ । एक लाख साठी हजार स्क्वायर मिटर क्षेत्रफलमा आयोजना गरिएको उक्त पर्यटन मेलामा एक हजार भन्दा बढी क्रेताहरु तथा करिब पाँच हजार संचारकर्मीहरुले भाग लिएका छन । जर्मनीको मेक्लेनवर्ग फरपोमर्न प्रदेश सहआयोजक रहेको यो मेला मार्च ११ सम्म जारी रहनेछ ।




मार्च ८, २०१८